# लेख उपलब्ध गराउने बारेको सूचना

अध्ययन र अनुसन्धानमा आधारित रहेर कानून तर्जुमा गर्ने पद्धतिलाई सुदृढीकरण गर्ने उद्देश्यले नेपाल कानून आयोगले, कानून पत्रिका (ल जर्नल) प्रकाशन गर्ने योजना बनाएको छ । यस सन्दर्भमा तपसिलमा उल्लेखित शर्तहरु बमोजिम हुने गरी अनुसन्धानमूलक लेख पठाई सहयोग गरिदिनु हुन आयोग सम्बन्धित सबै विज्ञ लेखकहरुलाई अनुरोध गर्दछ ।

तपसिल

१. देहायको विषयमा लेख कन्द्रीत हुनु पर्नेछ;

(क) भूमी व्यवस्थापन सम्बन्धी कानूनमा गरिनु पर्ने सुधार,

(ख) बस्तु तथा सेवाको विज्ञापन सम्बन्धी कानूनले समेट्नु पर्ने विषय,

(ग) सहकारी सम्बन्धी कानूनमा गर्नु पर्ने सुधार,

(घ) गैर-सरकारी संस्था सम्बन्धी कानूनले समेट्नु पर्ने विषय,

(ङ) शैक्षिक परामर्श सम्बन्धी कानूनले समेट्नु पर्ने विषय,

(च) मुल्य अभिबृद्धि कर सम्बन्धी कानूनमा गर्नु पर्ने सुधार,

(छ) पेशागत उत्तरदायित्व सम्बन्धी कानूनले समेट्नु पर्ने विषय,

(ज) खाद्य सुरक्षा सम्बन्धी कानूनले समेट्नु पर्ने विषय,

(झ) श्रम सम्बन्धी कानूनमा गरिनु पर्ने सुधार,

(ञ) औद्योगिक लगानी सुरक्षा कानूनले समेट्नु पर्ने विषय।

२. माथि उल्लेखित विषयहरु मध्ये कुनै एक विषयमा प्राप्त लेखहरु मध्ये उत्कृष्ट दुई लेखहरुलाई मात्र स्वीकार गरिनेछ ।

३. विवरणात्मक वा जानकारी वा सूचनामूलक लेखलाई स्वीकार गरिने छैन ।

४. कानूनमा सुधार गर्न वा नयाँ कानून तर्जुमा गर्ने प्रयोजनको लागि लेख आव्हान गरिएको हुँदा कानूनमा के छ (What law is) भन्दा पनि कानूनमा कस्तो प्रावधान रहनु पर्छ (What provision ought to be in law) भन्ने सन्दर्भमा विश्लेषण सहितको ठोस सुझाव वा धारणा उल्लेख हुनु पर्नेछ ।

५. सम्बन्धित कानूनले समेट्नु पर्ने विषयहरुलाई प्रष्ट उल्लेख गरी त्यस्तो प्रावधानको औचित्य समेत दर्शाइएको हुनु पर्नेछ ।

६. उद्धरण गर्दा citation rule को पालना हुनु पर्नेछ ।

७. २०६८ साल फागुनमसान्तभित्र आयोगको इमेल ठेगाना info@lawcommission.gov.np मा आइपुग्ने गरी लेख प्राप्त भइसकेको हुनु पर्नेछ ।

८. लेख पठाउँदा सम्बन्धित लेखकको नाम, ठेगाना, सम्पर्क टेलिफोन नं., पद, पेशा एवं कार्यरत निकायको नाम उल्लेख गरी लेखकको फोटो समेत अनिवार्य संलग्न गर्नुपर्ने छ ।

९. नेपाली भाषाको युनिकोडको कोकिला वा कालिमाटीमा वा अङ्ग्रेजी भाषाको Times New Roman १२ फन्टमा लेख टाइप गरिएको हुनु पर्नेछ ।

१०. प्राप्त लेख स्वीकार वा अस्वीकार गर्ने तथा सम्पादन सम्बन्धी पूर्ण अधिकार आयोगमा रहनेछ ।

११. स्वीकार गरिएका लेखका लेखकलाई दश हजार रुपैंया पारिश्रमिक प्रदान गरिनेछ र स्वीकार नगरिएका लेखका बारेमा ईमेलबाट जानकारी गराइनेछ ।

१२. लेखमा कम्तिमा पनि दश हजार शब्दहरु हुनु पर्नेछ ।

१३. लेख रचना अन्यत्र प्रकाशित नभएको हुनु पर्नेछ ।

नेपाल कानून आयोग ।